स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८०/८१

**सूचना नं:** ०१(कृषि विकास शाखा)

स्थानीय सरकार हेलम्बु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेलम्बु, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

## पुष्प प्रवर्द्धन कार्यक्रममा सहभागी हुन सम्बन्धी सूचना।

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/१८)**

हेलम्बु गाउँपालिका कृषि विकास शाखाको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **पुष्प प्रवर्द्धन कार्यक्रम** सञ्चालन गर्न ईच्छुक यस गाउँपालिका भित्रका पुष्प व्यवसायमा संलग्न कृषक, कृषि फर्म, कृषक समुह र कृषि सहकारीहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन (श्रावण ३२ गते) कार्यालय समय भित्र आईपुग्ने गरी तपशिल बमोजिमका कागजात सहित हेलम्बु गाउँपालिकाको कृषि विकाश शाखामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

<u>तपसिलः</u>

- रु. १० को हुलाक टिकट टाँस गरेको कार्यक्रम मागको निवेदन,
- आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र संस्थाको हकमा संस्था दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र,
- संस्थाको हकमा करचुक्ता प्रमाणपत्र (नवीकरण भएको) र कार्यक्रम माग गर्ने सम्बन्धी समुहको निर्णयको प्रतिलिपि,
- न्यूनतम क्षेत्रफल १ रोपनी,
- जग्गाधनीको लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तीमा २ वर्षको करार सम्झौता प्रतिलिपि,
- प्रस्तावना पत्र, प्रस्ताव अनुसारको लागत अनुमान र लागत साझेदारी गर्ने पत्र।

.............................

**विनोद रोका**

**प्रमुख प्रशासकीय अधिकृत**

*E-mail: helamburm@gmail.com, Website: www.helambumun.gov.np*